# नेपाल गजेट

## भाग ४

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं भाद्र ५ गते २०१३ साल

### स्थानीय स्वायत्त शासनमन्त्रालयको सूचना ।

२६–४–२०१३

श्रावण १५ गते २०१३ सालको नेपाल गजेट भाग ४ मा प्रकाशित सूचना अन्तर्गत वीरगञ्ज नगरपालिकाको सडकमा हिंड्ने समद (एक्का अर्थात् टमटम) को कर लिनेबारेमा तल लेखिएबमोजिम गर्ने गरी वीरगञ्ज नगरपालिका-लाई वीरगंज गोश्वाराबाट स्वीकृति भै गएको सूचना आएकोले सबैको जानकारीको लागि सूचित गरिएको छ ।

क:–टमटमको ठेक्का २०१० साल आश्विनदेखिन् २०१३ साल आषाढ मसान्तसम्म महिना ३४ को पुरानो दरले महिना १ को कं १॥ ले हुने कं ५१ एकाउन्न एक पटक लिन नसक्ने हुँदा बाँकी १२ किस्ता गरी महिना १ को कं ४।का दरले १२ महिनाभित्र असुल गर्नुपर्ने मा सो किस्ताको रुपैयाँ नगद



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

965

धनीसँग यूनियनले ती नगरपालिकामा यूनियनले बुझाउनुपर्ने यूनियनले बुझाउन मन्जुर नगरे टमटम धनीको टमटम रोकी असुल गर्ने, २०१३ साल श्रावण १ गते देखिबाट टमटमको श्रेणी छुट्याई नयाँ दर निम्नलिखित बमोजिम लिने गर्ने र सो श्रेणी छुट्याएको टमटमको भाडाको दररेट पनि निम्नलिखित बमोजिम मात्र लिन पाउने नगरपालिका एरियाभित्रको सबै सवारी दर्ता नगराई चलाउन नपाउने एरिया बाहिरको सवारी पनि न. पा. मा दर्ता गराउन आए दर्ता गरिदिने ।

टमटमको श्रेणी

(क) क. श्रेणी—मोटो ताजा ठुलो जातको घोडा गद्दी सिट भएको र बोल बेरिनको चक्का भएको ।

ख. श्रेणी—मोटो ताजा मझौला जातको घोडा गद्दी सिटसम्म भएको ।

ग. श्रेणी—को ताजा सानु जातको घोडा गद्दीहरू नभएको ।

| असामी | महिनाको दर | टिप १ को |
|---|---|---|
| क. श्रेणी | १। | |
| ख. श्रेणी | १ | |
| ग. श्रेणी | ।।। | |

(ख) न. पा. मा दर्ता हुने टमटमको सालभरीको रजिष्टेशन फी निम्नलिखित बमोजिम लिने—

टमटम सबै श्रेणीलाई रू दुइ २

टमटमको भाडा को दर

| (ग) असामी | न. पा. एरियाबाट रक्सौल स्टेशनसम्म | | न. पा. एरिया-भित्रको मात्र | |
|---|---|---|---|---|
| | रिजर्व | जवान १ को | रिजर्व | जवान १ को |
| क. श्रेणी | १। | ।– | ।। | = |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१५०

| | | | | |
|---|---|---|---|---|
| ख. श्रेणी | १ | । दारबाना | ।≈ | ≡ |
| ग. श्रेणी | ॥। | । | ।≈ | ॥ |

घ. श्रेणी छुट्याइएको हुदा क. ख. श्रेणीले ४, ग. श्रेणीले २ जवानभन्दा बढी सवारी बसाउन राख्न नपाउने गर्न न. पा.ले र पुलीसको समेत रेख देख हुनुपर्ने हुनाले पुलीसलाई समेत सूचना दिने सो टमटमको श्रेणी छुट्याउँदा सगह यूनियनको प्रतिनिधिसमेत राखी श्रेणी छुट्टिएको श्रेस्ता नगरपालिका समक्ष यूनियनमा समेत राखी स्थानीय पुलीस आफिस र गोश्वारासमेतमा दिने।

उपरोक्त क. ख. ग. घ. दफा उल्लंघन गरेमा न. पा.।को नियम बनाई पास नभएसम्म सवारीका ऐनबमोजिम गर्ने।

आज्ञाले—

केशरबहादुर,

सेक्रेटरी—स्था. स्वा. शा मंत्रालय.

गोरखापत्र छापाखानामा मुद्रित। मेनेजर, प्रेमराज शर्मा

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
१८९

मुद्रण विभाग, सिंहदरबार

952

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।